कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक ९ (संयुक्तांक २१४) ने. सं. ११३५ यंलागा तृतीया बुधवाः २०७२ आश्विन्न १३ गते बुधवार (Sep 30, 2015) पृष्ठ १२ मूल्य रु.५/-


## मधेस आन्दोलनका कारण पेट्रोलियम पदार्थदेखि सरकार परिवर्तनमा समेत प्रभाव

# प्रमका सवालमा तीन दलको आ अफ्नै तयारी

**कीर्तिपुर सन्देश साप्ताहिक/**

मधेसी र थारु समुदायले करिव ४० दिन अघिदेखि आन्दोलन जारी राखेका कारण तराईका जिल्लामा मात्र नभई अब देशभरी नै प्रभाव परेको छ ।

विशेष गरि नेपाल भारतका विभिन्न नाकाहरु समेत बन्दभएका कारण पेट्रोलियम पदार्थ ल्याउन नसक्दा देशभरी नै समस्या सृजना भएको हो । त्यसरी अघोषित रुपमा नाकावन्दी भएको बिषयलाई नेपालका राजनीतिक पार्टीहरु वीच पनि हेर्ने दृष्टिकोण फरक भएका कारण नागरिकहरुको धारणा पनि फरक फरक भएका छन् । नेपालका प्रमुख रानजीतिक दलका नेताहरुले भारतले नै नाकाबन्दी गरेको आरोप लगाउदै आएको अवस्था छ भने आन्दोलनरत दल र आन्दोलनप्रति सहानुभुति राख्ने राजनीतिक दलका नेताहरुले भने



नेपालको तराई मधेसमा भएको जनताको आन्दोलन प्रमुख भनिएका राजनीतिक दलका नेताहरु वार्ताको माध्यावाट समस्या समाधान गर्न तयार नभएका कारण झन झन समस्या सृजना भएको कुरा बताउदै आएका छन् ।

भारतले पनि नेपालको समस्या समाधान भएमा यातायात सुचारु गर्ने सवालमा केहि समस्या हुदैन भनी प्रतिक्रिया दिइ सकेको अवस्था छ ।

पछिल्लो समयमा सरकार र तीन दलका नेताहरुले भारतया नेतादेखि विभिन्न निकायहरुमा समेत नाकावन्दीको विषयमा छलफल कार्य सुरु गरेको अवस्था छ ।

पेट्रोलियम पदार्थ नभएका कारण जनजीवनमा प्रभाव परेपछि ४० दिन भन्दा अघिदेखि तराई मधेसमा जारी रहेको आन्दोलन र आन्दोलनकारीका मागका विषयमा समेत सबैको चासो हुन थालेको अवस्था छ । त्यसैले नाकाबन्दीको विरोधका साथ साथै तराई मधेसमा आन्दोलन गर्दै आएका राजनीतिक शक्तिसंग वार्ताको माध्यमवाट समस्या समाधान गर्न समेत



राज्यलाई थप दबाव हुन पुगेको छ । यसै वीच नयाँ संविधान निर्माण पछि नयाँ सरकारका प्रमुख दलका नेताहरुले जुन ढंगवाट तयार गर्नुपर्ने हो त्यो गर्न सकिरहेको अवस्था छैन ।

यसै वीच अव बन्ने सरकारको नेतृत्वको सवालमा प्रमुख तीन राजनीतिक दल कांग्रेस, एमाले र एकीकृत माओवादीको आ आफ्नै तयारी रहेको छ । विगतमा कांग्रेस र एमालेको सहमति अनुसार एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गर्नुपर्ने भएतापनि



पछिल्लो समयमा भारतसंग सम्वन्ध विग्रेका कारण नयाँ बन्ने सरकारको नेतृत्वको सवालमा पनि अन्यौलता सृजना भएको छ ।

कांग्रेस अव सरकारको नेतृत्व आफूहरुले नै गर्ने योजना सहित अघि बढेको अवस्था छ भने एमाले विगतको सहमति अनुसार नै नयाँ सरकारको नेतृत्व गर्नुपर्ने कुरा उठाउदै आएको छ । त्यसैगरि कांग्रेस र एमाले वीच विवाद भएमा आफूहरुको हातमा आउन सक्छ भनी भित्री रुपमा एकीकृत माओवादीले तयारी गरेको अवस्था छ ।


तपाईको जिज्ञासा र चाहना

## इजरायल

**Think Israel, Think Valley**

प्रशिक्षकहरुः

दक्ष, अनभवी र पुस्तक अनुवादक

(इजरायलको लामो बसाइको सामाजिक र सांस्कृतिक तथा कृषजन्य वातावरण सम्वन्धि अनुभव प्राप्त)

## हिब्रु भाषा

विहान, दिउँसो र साँझ

CTEVT वाट स्वीकृत प्राप्त यस Institute ले सबै Training हरुको प्रमाण–पत्र दिने

1. Caregiver, House Keeping, Nursing & Cooking
2. Hotel, Waiter, Hotel Assistant
3. Community Livestock Assistant
4. Vegetable Proceessor & Vegetable Production

**विशेषताहरु**

- इजराइलको लागी विशेष परामर्श साथै आवश्यकीय पाठ्य सामग्रीहरुको व्यवस्था गरिने ।
- Institute को आफ्नै पाठ्यपुस्तक तथा अन्य सहयोगी पाठ्य सामग्रीको माध्यमवाट चरणबद्ध, Focused योजनाबद्ध र सरल ढंगले शिक्षण गराइने ।
- हिब्रु भाषामा प्रष्ट संग कुराकानी गर्न सक्षम बनाइने साथै Audio–Visual & ExerciseS Books हरुको पनि राम्रो व्यवस्था ।
- इजराइलमा गर्नु पर्ने काम तथा यस संग सम्वन्धित समस्याहरु साथै कुनै पनि कम्पनी र संस्थाहरुमा Processing को लागी विशेष परामर्श दिइने ।
- अन्तर्वार्ताको माध्यमवाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने र त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा व्यवस्था ।

**Valley Institute Kirtipur**

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509


## पाचौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे

यस संस्थाको मिति २०७२/०६/०१ गते बसेको संयुक्त सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको पाचौं वार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुंदा पत्र सम्बन्धित ठेगानामा पठाइसकेको छ । यदि पत्र प्राप्त भै नसकेको भए यसैलाई सूचना मानी अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हुने मिति, स्थान र समय**

**मिति : २०७२/०६/२५**

**स्थान : कृष्ण क्याटरिङ्ग, भाजंगल जाने बाटो ।**

**समय : बेलुकीको ठीक ४ बजे ।**

**सभामा छलफल हुने विषयहरु :**

१) संचालक समितिको तर्फबाट श्री अध्यक्षज्यूबाट आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदन पेश गर्ने र सो उपर छलफल गरी पारित गर्ने । २) लेखा परीक्षकको प्रतिवेदन सहित आ.व. २०७१/७२ को नाफा नोक्सान हिसाब र वासलात अनुमोदनको लागि पेश गर्ने । ३) संस्थाको नियमित कारोबार संचालन गर्ने संचालक समितिले आ.व. ७१/७२ मा गरेको सम्पूर्ण निर्णयहरुको समर्थन गर्ने । ४) आ.व. २०७२/७३ को नीति, कार्यक्रम र बजेट माथि छलफल गरी पारित गर्ने । ५) कोषाध्यक्षबाट आय व्ययको प्रतिवेदन पेश गर्ने । ६) विनियम संसोधन गर्ने । ७) आ.व. २०७२/७३ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक किटान गर्ने । ८) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने शेयरधनी, सदस्य महानुभावहरु र संचालक समितिको तर्फबाट १/१ जना प्रतिनिधि नियुक्ति गर्ने । ९) विविध विषय ।

**संचालक समितिको आज्ञाले**

**सचिव**

**दर्शन बचत तथा ऋण सहकारी संस्था लि.**

कीर्तिपुर–१७, काठमाडौं ।

**फोन नं. : ०१४३३४२३५, ०१४३३२०५७**

**Email: info@darshansave.com**

**Website: darsahansave.com**

**कानुनी सल्लाहकार**
**ज्ञानबहादुर महर्जन**
**प्रकाशक**
**नजरराम महर्जन**
**(९८४१४०१०७७)**
**सम्पादक**
**श्रीकृष्ण महर्जन**
**प्रवन्धक**
**निरजमान सिंह**

व्यवस्थापन
**भरत महर्जन**
**वेभसाइट व्यवस्थापन**
**राज श्रेष्ठ**
प्रेसः **शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं**
कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७**
**kirtipur_sandesh@live.com**
http://kirtipursandesh.blogspot.com
**काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८**

## सम्पादकीय

# तीन नेता र वार्ता

**संविधान निर्माण संगसंगै नेपालका तराई मधेस क्षेत्रमा भएको असन्तुष्ट र एक ढंगको विद्रोहलाई समयमै समाधान नगरेका कारण समस्या झन झन जतिल बन्दै गएको छ। संविधान निर्माणको क्रममा मस्यौदा संविधान आएपछि तराई मधेस क्षेत्रमा मधेसी र थारु समुदायले लगातार रुपमा आन्दोलन सुरु गरेको थियो। आन्दोलनको क्रममा हिंसात्मक घटना समेत भएको अवस्था छ। बल्ल पछिल्लो समयमा आएर तीन राजीतिक पार्टीहरु कांग्रेस, एमाले र एकीकृत माओवादीका शीर्ष नेताहरुले वार्ताका लागि भनी तीन सदस्यीय वार्ता समिति समेत गठन गर्नु स्वागतयोग्य कुरा हो।**

**संविधानसभाका प्रमुख तीन दल कांग्रेसका सभापति समेत रहनु भएका प्रधानमन्त्री सुशील कोइराला, एमालेका अध्यक्ष केपी शर्मा ओली र एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल तराई क्षेत्रवाट संविधानसभाको दोस्रो निर्वाचनमा विजयी भई संविधानसभामा पुगेका नेताहरु हुन्। आफूहरुको निर्वाचन क्षेत्र र आफूहरुलाई चुनावमा भोट दिई विजय बनाएका ती तराई मधेस क्षेत्रका जनता लगातार रुपमा आन्दोलन गर्दै आइरहेका कारण त्यहाका जनजीवन झन झन कष्टकर हुँदै गएको एक महिना वितिसक्दा पनि वार्ताको माध्यमवाट समस्या समाधान गर्न र आफ्ना मतदाताहरुसंग छलफल समेत नगरेका कारण पछिल्लो समयमा देशमा नै असहज अवस्था सृजना भएको हो।**

**आन्दोलनको नेतृत्व गर्दै आएका मधेसवादी नेताहरुसंग सम्वन्ध राख्न नचाहेतापनि आफ्नो निर्वाचन क्षेत्रका जनता जसले आफूलाई मत दिएको थियो ती क्षेत्रका जनतासंग भएपनि राम्रो सम्वन्ध राख्ने र उनीहरुको समस्यालाई लिएर गम्भीर नभएकै हो भन्न सकिने अवस्था छ। एक महिना पछि मात्रै पछिल्लो समयमा आएर एक ढंगवाट नाकावन्दी भई राजधानीको जनजीवनमा समेत प्रभाव पर्न थालेपछि बल्ल ती तीन नेताहरुले वार्ताका लागि समिति बनाएको छ। अव यो समितिले के कति काम गर्ने हो र आन्दोलनरत पक्षहरुको माग के कसरी सम्वोधन गर्ने हो त्यी तीन दलका नेताहरुको योजनामा भर पर्ने छ।**

# पाखण्डी राष्ट्रवादीहरु !!

**अलिसा कोइराला**

आज भारतले मधेसी-थारूहरु माथी गोली वर्षाओस न मात्र यी पाखंडी राष्ट्रवादीहरुले आजको आज देखी नै WelcomeIndia - ThankyouIndia भन्ने नारा लाउन थाल्नेछन।

तिमीहरुलाई भारतको हस्तक्षेप देखि आपत्ति भएको हैन तिमीहरुलाई त भारतले मधेसी-थारूहरुको समर्थन गरेकोमा मुटु जलेको हो।

एक महीना अघि यही भारतका सभासद नेताहरुले खुलेआम काठमांडू र अन्य सहर-सड़कमा आमसभा गरेर हिन्दू राज्य माग गर्दा खुलेआम सबै मर्यादाको उल्लंघन गर्दै हस्तक्षेप गर्दा, तिमीहरुले चूंई पनि बोलेनौ। किन ? त्यसबेला कहा मरेका थिए तिमिहरुको राष्ट्रवाद ? किन कसैले चूंई पनि बोल्न सकेनन् ?

यही भारतका मंत्रीले एक-दुई महीना अघि केपी ओली नेपालको अर्को प्रधानमन्त्री भनी घोषणा गरेर नेपालको राजनीतीमा सीधै हस्तक्षेप गर्दा पनि तिमीहरुको आवाज निस्केन, किन ? त्यसबेला कहाँ मरेका थिए तिमीहरुको राष्ट्रवाद ? यही भारतका मंत्रीले नेपालका मंत्रीलाई भनेका थिए दुई चार सय मरे मरोस् तपाई संविधान जारी गर्नुहोस् त्यसबेला कहाँ लुकेका थिए यी राष्ट्रवाद किन बिरोध गरेनौ ? संविधान लेख्दा नेपाली जनताको मांग नसुन्ने तर हरेक अघिल्लो दिन नेपालका मन्त्रीहरु पालो पिलो दिल्ली ढोंग्न जाँदा पनि तिमीहरु मौन नै थियौ, किन ? त्यसबेला तिमिहरुको राष्ट्रवाद कहाँ मरेका थिए ?

अरु त अरु हालमै भारत र चीन दुबैले मिलेरे नेपालको स्वाभिमानको प्रवाह नगरी, नेपाललाई नसोधिकन नेपाललाई सामिल नगारी खुलेआम लिपुलेक समझौता हस्ताक्षर गर्दा, तिमिहरुको तथाकथित रास्ट्रवाद कँहा मरेका थिए ? किन कसैले केहि कदम उठाएनन् ? कदम त परै को कुरा कसैले चुइँ शब्द बोल्ने हिम्मत पनि गरेन।

मैले कुनै धेरै पुरानो उदाहरणहरु पनि दिएकी छैन, सबै उल्लेखित कुरा हाल मैं यही सरकार कालमा घटित घटनाहरु हुन्। तसर्थ यस्तो नौटंकी ढोंग गरेर अझ पनि कसैलाई मुर्ख बनाउन सक्छौं भन्ने भ्रममा नबस। तथाकथित तिमीहरुको पाखण्डी राष्ट्रवादको ढोंगी वीरताको सत्य सबैले थाहा पाइसकेका छन।

भारतले केहि दिन अघिसम्म पनि तिन दललाई नै समर्थन गर्दै आएका थिए, तराईवाशी मधेसी-थारुहरुलाई भारतको केही समर्थन थिएन। भारत-मोदीको पूर्ण समर्थन तिन दललाई थियो, तर जब आंदोलनमा दमनको श्रृंखला बढ्दै गयो र यसको असर भारतमा लगायत अन्तराष्ट्रीय संचारमा फैलिन थाले पछि भारतको भूमिकामा प्रश्न चिन्ह आउने सम्भावना आउन थाल्यो ? सबैलाई थाहा छ की मधेसी-थारूहरुको मांग जायज छन र एक न एक दिन मधेसी-थारुहरुकै जित हुनेछ भनेर र जायज मांगको बिरोध गरीरहेका क्रुरस्वार्थी-अत्याचारी तिन दलको साथ भारतले दिएको भए तिन दल संग भारतको पनि बदनामी हुन्थ्यो त्यही भएर बेलैमा बुद्धि पुऱ्याएर भारतले सत्यका साथ मधेसी-थारू जनजातिहरुको समर्थनमा बोलेका हुन। आज यो घटना चीनको सिमाना नजिक भएको भए चीनले पनि यही गर्नेथ्यो। भारतको हस्तक्षेप भन्दा नी यो मधेसी-थारुहरुले भारतलाई सत्यमार्गमा झुकाउन सफल ठुलो उपलब्धि हो। केहि दिन अघिसम्म निरकुंस तिन दललाई समर्थन गर्दै आएका भारतलाई सत्यको मार्गमा झुकाएर मधेसी-थारूहरुले ठुलो जित हासिल गरेका छन्।

यति त स्पष्ट नै भैसकेको छ की तिमीहरुको लागी राष्ट्रवाद भनेको जनजाती, आदिवासी, मधेसी, थारू, दलीत, महिला, गरिब, पिछडिएका वर्गलाई हेप्नु, दमन गर्नु, सबैको हक़ मारेर बल-छल-धनले एकलौटि राज गर्नु हो। र यस्तो असमांनताले भरिएको स्वार्थी एकलौटि राजको बिरोध गर्ने सबै ब्यक्ति तिमीहरुलाई देश द्रोही, तिमीहरुको स्वार्थ क्रुरता अत्याचारको विरोधमा लेख्ने मलाई पनि तिमीहरु देशद्रोही नै भन्छौ।

तिमीहरुको पाखंण्डी राष्ट्रवाद ढोंगी वीरता विस्तारै पूरै संसार जगतले थाहा पाउदैछन।

आज भारत मात्र हैन, अमेरिका, अस्ट्रेलिया, यूरेपीली देश, स्वयम संयुक्त राष्ट्र संघ अंतराष्ट्रीय जगत सबै मधेसी(थारुहरुकै समर्थनमा ओर्लिरहेका छन।

याद रहोस् जति जे गरे पनि अन्त्यमा न्याय र सत्यको नै विजय हुनेछ र सबैलाई थाहा छ न्याय र सत्य के हो।

# अन्तरराष्ट्रिय बौद्ध भावना केन्द्रमा बर्षाबास

प्रत्येक बर्ष आषाढ पूर्णिमादेखि आश्विन पूर्णिमासम्म तीन महिनाका लागि बर्षाबासका रुपमा बौध्द भिक्षुहरु सामुहिक ध्यान अभ्यास गरी क्लेश हटाई चित्तलाई निर्मल बनाउने परम्परा रहिआएको छ। यस बि.सं. २०७२ सालमा पनि गतः आषाढ पूर्णिमादेखि बर्षाबासका लागि अन्तरराष्ट्रिय बौध्द भावना केन्द्र, बुध्द नगरमा स्मृति प्रस्थान बिपश्यना भावना (ध्यान) अभ्यास गर्नेहरुको क्रम बढ्दो छ।

यस केन्द्रमा सबै जात तथा धर्मका स्वदेशी, बिदेशीले १०, १५, ३०, ६० र ९० दिनसम्म आ-आफ्नो उपयुक्त समय मिलाई अन्तरमनको गहिराइसम्म गएर चित्तबिशुध्दिको कला सिक्न सक्छन्। ञाणुज्जोताभिवंरा सयादो भन्ते र भिक्षु ज्ञानपुर्णिका महास्थीरका साथै अनागारिका अग्गञाणी गुरुमाबाट भिक्षु, श्रामणेर, अनागारिका तथा शिबिरमा सम्मिलित अन्य योगीहरुलाई अतीतका बारेमा सोच्ने तर भविष्यको कल्पना नगरी बर्तमान अवस्थामा बाँच्ने कलाको साधना अर्थात् स्मृति प्रस्थान विपश्यना भावना अभ्यासको तालिम प्रदान गरिदैछ। यस बर्षको अर्थात् २०७२ सालको बर्षाबासमा हालसम्मका ५६ जना सहभागी मध्ये धेरैजसोको अभ्यास जारी नै छ। बिभिन्न उमेर तथा शैक्षिक पृष्ठभूमिका यी साधकहरु बिबिध पेशामा संलग्न रहिआउनुभएका छन्। ९५ बर्षका साधक श्रामणेर रेवत (नरेन्द्र कुमार स्याङ्गताङ्ग) ब्रिटिस आर्मीका पूर्व कप्तान हुनुहुन्छ।

त्यस्तै ९२ बर्षका अनागारिका चन्द्रशीला सहित भिक्षु नायको, रबिन्द्र गोपाल बैद्य, लीला कुमार पुलामी, ललिता धाख्वा, सुबोध शाक्य, बीरकाजी शाक्य, संगिता धाख्वा, श्रामणेर धम्मपाल (सुनिल महर्जन), अनागारिका धम्मेशी (रजनी शाक्य), पूर्व निजामती कर्मचारी नूतन राज श्रेष्ठ आदि अन्य सहभागीहरु हुन्। तीमध्ये श्रामणेर धम्मपाल (सुनिल महर्जन) तथा अनागारिका धम्मेशी (रजनी शाक्य) लुम्बिनी बुध्दिष्ट बिश्वविद्यालयको Buddhist Studies मा स्नातकत्तोर हुनुहुन्छ तथा रबिन्द्र गोपाल बैद्य स्नातकत्तोरमा अध्ययनरत हुनुहुन्छ।

अनागारिका सारदस्सिनी (शारदा श्रेष्ठ), जो नेपालका प्रथम महिला न्यायाधीश हुनुहुन्छ, पनि सो ध्यान अभ्यासमा संलग्न हुनुहुन्छ।

# हाम्रो संविधान



**प्रशान्त महाशागर**

आयो आयो आयो
गाउँ सहर तराई हिमाल पहाड
जता हेरे पनि नेपाली देखिने आँखा आयो
तिमी धनी, मलाई गरीब नभन्ने उपन्यास आयो
धर्म र जातमा भेदभाव नराख्ने ग्रन्थ आयो
झुपडि र महलबीचको एक जोड एक तोड आयो
शिक्षा स्वास्थ्य अर्थ तन्त्रको विकास मन्त्र आयो
सासुसँग बुहारी मिलाउने कुरा आयो
आयो आयो आयो
गाउँ सहर तराई हिमाल पहाड
जता हेरे पनि नेपाली देखिने आँखा आयो
मलाई कसैले चिमोठ्दा तिमीलाई दुख्ने तन्त्र आयो
अब त बुझ
मेरो सम्मान पाउन तिमी
शहिद नै हुनु पर्ने दिन गयो
रंग रुपमा भिन्न भएपनि
कर्म संगतमा एउटै हुने दिन आयो
सम्मान सत्कार गर्ने दिन आयो
आफुलाई नेपाली हुँ भनी
चिनाउने दिन आयो
हुन त हामी रातमा थिएनौं
रात बनाई आफ्नो
अवसर गुमाई बाँचेका थियौं
बेअर्थमा रक्तका होली खेली बाँचेका थियौं
त्यस्मा न म सुखीभए न त तिमी नै
तिम्रो मेरो पीडा एउटै भन्दानि
रंगहरु फरक भन्ने प्रविधि गयो
रंग रुपमा भिन्न भएपनि
कर्म संगतमा एउटै हुने दिनआयो
तिमीलाई मलाई जोड्ने साध्य आयो
अब साधन बनाउनु पर्छ।



# हार्दिक बधाई









वन्दना कला केन्द्र काठमाडौंद्वारा जमलस्थित राष्ट्रिय नाचघरमा मिति २०७२/०६/०७ गते विहिवारका दिन मिस प्लस टु (Miss +2) प्रतियोगिता भएको थियो। उक्त प्रतियोगितामा १२ जना प्रतियोगीहरुले भाग लिएका थिए। त्यसमध्येमा यस संस्था नेपा: ग्रेशन, कीर्तिपुर, काठमाडौंका संस्थापक माहा-सचिव **सुश्री दिजिना डंगोल**ज्यूले पनि सहभागीता जनाउनु भएको थियो। सो प्रतियोगितामा प्रतियोगी नं. १०की सुश्री आयुसा मानन्धर विजय (Winner) हुनु भएको थियो। प्रतियोगि नं. १२की सुश्री काजल शाहि 1st Runner up, प्रतियोगि नं. ८ की सुश्री कृति 2nd Runner up, प्रतियोगि नं. ७ की सुश्री दिजिना डंगोल 3rd Runner up, प्रतियोगि नं. ९ की सुश्री पुजा 4th Runner up हुनु भएको थियो।

**नेपा: गेशन परिवार उहाँहरुको उज्ज्वल भविश्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछ।**

# यू-१९को सफलता पछि यू–१६ टिमको



–नविन महर्जन–

किर्गिस्तानको विस्केकमा सम्पन्न एएफसी यू-१६ च्याम्पियनशीपको छनोट फुटवलमा नेपालले आफ्नो निकै बलिया प्रतिद्वन्दीहरुसँग निकै सन्तुलित खेल प्रदर्शन गर्दै समूह 'बी' को उपविजेता बन्दै चार उपविजेता मध्ये एक हुँदै आगामि सन् २०१६ को च्याम्पियनशीपमा छनोट हुन सफल भएको छ।

नेपालले समूह चरणको अन्तिम खेलमा ओमान सँग १-३ले पराजित हुँदै समूहमा उपविजेता भएका थिए । वास्तवमा ओमान र नेपालको अंक ६-६ थिए तर हेड टु हेडमा ओमन समूह विजेता भए जस्ले गर्दा अर्को वर्ष भारतमा हुने महादेशीय च्याम्पियनशीपमा छनोट भयो । छनोटमा ११ समूहका विजेताले सिधै फाइनल चरणको टिकट पाएका थिए भने उपविजेता मध्ये उत्कृष्ट चार मा रहँदै नेपाल, भियतनाम, थाइल्याण्ड र युएई छनोट भएका थिए। यस होडमा भारत अगाडि थियो तर भारत स्वयम आयोजक भएकोले नेपालले अवसर पाएको थियो।

वास्तवमा नेपालले छनोटको पहिलो खेलमा निकै बहादुरपूर्ण खेल देखाउँदै जोर्डनलाई २-१ गोलले जित हासिल गरेको थियो। नेपालको लागि दुवै गोल दिनेश हेन्जनले गरेको थियो।

जोर्डन राष्ट्रिय टिम फिफा वरियतामा ९१ स्थानमा छ जब कि नेपालको राष्ट्रिय टिम १८५ औं स्थानमा छ । विश्वकप छनोट खेलमा नेपालको राष्ट्रिय टिमलाई ९ गोल गरेको थियो। यस मामिलामा पनि जोर्डन निकै ख्याति कमाएको टिम हो । उनीहरुको फुटवल शैली राम्रो थियो । यस्तो अवस्थामा जित निकालेर आफ्नो परिचय दिन सफल भएको थियो।

त्यसैगरी दोस्रो खेलमा आयोजक किर्गिस्तानसँग नेपाल ०-२ले पछि परेको थियो। यस अवस्थामा पनि बहादुरीपूर्ण खेल खेल्दै खेल ४-२ गोलले आफ्नो पक्षमा पार्न सफल भएको थियो । यस खेलमा दिनेश हेम्जनले २, रेजिन सुब्बाले १, र मनीष कार्कीले १ गोल गरेका थिए । अन्तिम खेलमा पराजित भएता पनि नेपाल भाग्यशाली हुँदै चौंथो पल्ट एएफसी यू-१६ को छनोट पार गर्न सफल भएको छ।

यस यू-१६ का सबै खेलाडि एन्फा एकेडेमीबाट उत्पादित खेलाडीहरु हुन् । यस खेलाडिहरुलाई अनुशासित बनाउन प्रशिक्षक द्वय उपेन्द्र मान सिंह र राजेश मानन्धरले निकै मेहेनत गरेका थिए । अघिल्लो महिनामा बंगलादेशमा भएको साफ यू-१६ च्याम्पियनशीपमा नेपाल भारतसँग सेमिफाइनलमा पराजित हुँदै रित्तो हात फर्किनु परेको थियो। तर नेपाली यू-१९ टिमले पहिलो साफ च्याम्पियनमा भारतलाई नै पराजित गर्दै प्रथम भई निकै वाह वाह पाएका थिए

जस्ले गर्दा पनि यू-१६ टिमलाई निकै चुनौटी थपेको थियो । जस्ले गर्दा निकै अनुशासित, परिश्रम र मेहेनतले गर्दा यू-१९को सफलता पछि यू-१६ ले उपविजेता भई एएफसी यू-१६ छनोट चरण पार गरेका थिए ।




## नेपाल आमाको चिना



**कवि राम महर्जन**
**नगाउँ, किनपा-१६**

हिजो सम्म झुत्रो लुगा लगाई
बसेकी हाम्री नेपाल आमा
आसोज ३ गतेको दिन देखि
नयाँ लुगामा ठाटिएर सजिइन
आमा अज्ज सिँगारिन्छ होला
विकृति विसंगति बढारिन्छ होला
बत्तिस लक्षणले युक्त होइन्छ होला
परिवार सबैको सुख शान्ति होला
नेपाल आमाको देशै भर
शान्तिमय समाज फैलिन्छ होला
गाउँ, सहरका समाजबाट
चन्दामय समाजको अन्त्य होला
गल्ती गर्ने अपराधीलाई
नयाँ कानुनले कारबाही होला
राम्रो र असल काम गर्नेहरुले
सम्मान र श्याबास पाउँछ होला
विश्वमानचित्रमा आमाको छबी
हिरा मोटी झैं टल्किन्छ होला
दाजुभाई र दिदीबहिनीहरु
ढाका टोपी र चुरा पोटेमा धल्किन्छ होला
बीर सहिदहरुको आत्माहरु
मुसु मुसु हाँस्छन् होला
स्वयंम्भुको दिब्य नजरले
बुध्द हाँसेको देखिन्छ होला
नेपाल आमाको चिना त
धेरैले राम्रो भन्यो तर
दिन दशाको अवस्था के होला कसो होला
यकीन कुरा भविष्यले देखाउला


# आठौं बौद्ध सङ्गीत जागरण कार्यक्रमको सूचना

गत २०७२ बैशाख १२ गते ज्ञानमाला भजन प्रस्तुत भइरहेको समयमा गएको महाभूकम्पको कारणले सो दिनको आठौं बौद्ध सङ्गीत जागरण कार्यक्रम स्थगित भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी भएकै कुरा हो । मिति २०७२ आश्विन १ गते आयोजक र व्यवस्थापन समितिको संयुक्त बैठकले उक्त स्थगित कार्यक्रम यही २०७२ आश्विन २३ गते शनिवार कीर्तिपुरको नयाँबजारस्थित कृष्ण क्याटरिंगमा विहान १०:०० बजे गर्ने निर्णय भएको हुनाले सम्बन्धित सबैको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त कार्यक्रममा पहिले जस्तै व्यापक सहभागिता जनाइ कार्यक्रमलाई भव्यरुपमा सम्पन्न गर्न यहाँहरुको सद्भावनाको हामीले अपेक्षा राखेका छौं

**व्यवस्थापन समिति**
**आठौं बौद्ध सङ्गीत जागरण कार्यक्रम,**
**कीर्तिपुर**



# आठौं बार्षिक साधारण सभाको सूचना

**यस भिजन कीर्तिपुर वचत तथा ऋण सहकारी संस्था लि. को २०७२/०५/१८ गते संचालक समितिको पूर्ण बैठकको निर्णय अनुसार यस संस्थाको आठौं बार्षिक साधारणसभा हुने भएको हुनाले सम्पूर्ण शेयरधनी माहानुभावहरुमा सूचनाको लागि जानकारी गराउँदछौं । साथै पत्र प्राप्त नभएमा यसै सुचनालाई आधारमानी निम्न स्थान, समय र मितिमा अनिवार्य उपस्थिति हुन हार्दिक अनुरोध गर्दछौं ।**

**साधारणसभा हुने स्थानः कृष्णक्याटरिङ हल, नयाँबजार, कीर्तिपुर**
**मितिः २०७२/०६/१६ गते शनिवार**
**समय : दिनको ३ बजे**

**अध्यक्ष तथा**
**भिजन कीर्तिपुर वचत तथा ऋण सहकारी संस्था लि. परिवार**
**टाउन प्लानिङ, नयाँबजार, फोन नं. ४३३६२३७**

# श्रद्धाया छपासः स्वां

न्हिथं लुमंकेबहःम्ह जिमि जहान **भुयू महर्जन** वंगु असोज १ गते आकाभ्काकां मदुगुलिं जिपिं सकसिनं वयक:यात लुमंका दु:ख तायेका च्वना । मदुम्हेसिया सुखावति भुवनय् बास लायेमा धका: कामनायासें थौं भिंस्वन्हुया पुण्य तिथिसं श्रद्धाया छपासः स्वां देछाना च्वना ।



जन्म:
वि.सं.१९८३
कार्तिक



निधन:
२०७२ आश्विन १
गते





## मदुम्ह भुयू महर्जन



## जहान हरिमाया महर्जन

**म्ह्याय्/जिलाजं–सुर्जमाया/ सन्तविर**
छय्/छाय्भौं–राजकुमार/ दुरु मैं
छुइ/छुइजिलाजं– रेजिना/सुनिल
उइपिं–सारा व सैना
छय्/छय् जिलाजं –छोरी भण्डारी/गंगाराम भण्डारी
छुइपिं – सचिता, सन्ध्या व सकृष्टी भण्डारी
छय्/छय् भौ– विनोद/सरला लक्ष्मी
छुइ – सकिन महर्जन
छय्/छय् जिलाजं –सरिता/दिनेश
छुइ– रिजिल
छय्/छय् भौ – निरंजन/ लक्ष्मी शोभा
छुइ –निशन

**म्ह्याय्/जिलाजं– छल्कुमाया/ गणेशमान**
छय्/जिलाजं–सानुनानी/दिनेश
छुई – प्रस्तुति
छय्/छय् भौ–अनुज/ सम्भना
छुई– सफल

**म्ह्याय्/जिलाजं –ज्ञानी/नारायण**
छय्पिं – सृष्टिकला, भूमिका

**काय्/भौ बालकृष्ण /प्रमिला महर्जन**
छय्पिं– प्रनिता, पारस

**काय्/भौ – गणेशलाल/ अन्जली**
छय्पिं–अनिना, आदेश, सुदेश

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं.१९८३
कार्तिक



निधनः
२०७२ आश्विन १
गते





## स्व. भुयू महर्जन



यस विद्यालयका व्यवस्थापन समितिका पूर्व सदस्य तथा अभिभावकका रूपमा रहनुभएका विद्यालयको शुभचिन्तक इञ्जिनियर श्री बालकृष्ण महर्जनज्यूका साथै श्री गणेश महर्जनज्यूका पूज्य पिता **श्री भुयू महर्जनज्यू**को २०७२ असोज ०१ गतेका दिन आकस्मिक र असामयिक देहावसान भएको थाहा पाउँदा हामी सम्पूर्ण विद्यालय परिवार अत्यन्त शोकाकुल र मर्माहत भएका छौं। उहाँको देहावसानको यो १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारले यस दुःखद घडीमा धैर्य धारण गर्ने शक्ति प्राप्त गरून् भनी ईश्वरसँग प्रार्थना गर्दछौं।

## संस्थापक, प्रिन्सिपल
## तथा सम्पूर्ण विद्यालय परिवार

पुष्पसदन आवासीय मा. वि., कीर्तिपुर

# कर्म ब्याण्डले ततायो कोरियाबसीलाई



सोल / कोरियामा पहिलो पटक आईपुगेका कर्म ब्याण्डले आईतबार कोरियामा रहेका नेपालीहरुलाई तताएका छन् । तमु धीँ दक्षिण कोरियाले 'तमु हाउस सेल्टर ब्यवस्थापन तथा प्राकृतिक प्रकोप राहत कोष' स्थापनार्थ आयोजना गरेको 'र ोधी सांगीतिक सौगात भाग-३' मा कर्म ब्याण्डले दर्शकलाई मन्त्रमुग्ध पारेका हुन् । ब्याण्डको लोकप्रिय गीत 'हुँक मेरो डल्ली डल्ली' बाट आफ्नो प्रस्तुती सुरु गरेका ब्याण्डका टिमले यानी माया, **"तिम्रो मौनतामा", "मार्‍यो जिउँदै मार्‍यो", "को हौ तिमी", "सुपारी दाना", "कलिलो तामालाई"** लगायतका १ दर्जन गीत गाएर मनोरञ्जन दिएका थिए । निर्धारित समय भन्दा झण्डै २ घण्टा ढिला सुरु भएको कार्यक्रममा कर्म ब्याण्डले साँझ साढे ६ बजे मात्रै स्टेज आएको थियो । साँझपाख सटेजमा उत्रिएको ब्याण्डलाई दर्शकले "वान्स मोर" भनेपछि आफ्नो चर्चीत गीत **'कहाँ होला घर बार'** दोहोर्‍याएर गाएका थिए । बिशेषगरी युवा पिँढीको बाक्लो उपस्थिती रहेको कन्सर्टमा ब्याण्डको प्रस्तुतीमा युवाहरुले स्टेज अगाडी नै बि-ब्वइङ् डान्स गरेर साथ दिएका थिए। कन्सर्ट सकेपश्चात ब्याण्डका मुख्य भोकलिष्ट सुरेन्द्र मानसिंले कार्यक्रम ढिला सुरु भएको पनि दर्शकको भरपुर साथ पाएको प्रतिक्रिया दिए ।

सांगीतिक सौगात भाग-३, मा सुगम संगीतका पारखीहरुलाई चर्चीत भर्सटाईल गायिका अन्जु पन्तले तिर्खा लाग्यो पानी खाए, नबिर्से तिमीलाई लगायतका आधादर्जन गीत गाएर मनोरञ्जन दिलाएका थिए। लोकदोहोरी पारखीहरुलाई चर्चीत लोकदोहोरी गायिका कृष्ण गुरुङ्ले स्टेजमै नचाएका थिए। गायिका गुरुङ्ले एकादशी बजारमा, एक एक जोडे दुई हुन्छ, दामी देखिन्छ, सालैजो लगायतका आधा दर्जन गीत गाएकी थिईन्। सो अवसर मा स्थानीय कलाकारहरुले कौडा, कन्टेम्पोरी लगायतका नाचहरु प्रस्तुत गरेका थिए। कार्यक्रमको औपचारिक उद्घाटन कोरियाका लागि श्रम सहचारी अनिल गुरुङ्ले पानसमा दियो बालेर गरेका थिए । सो अवसरमा याक्सासा गुम्बाका लामा देउसोन्निम, नेपाल आदिवासी जनजाति महासंघ अध्यक्ष चित्र मुक्तान, नेपाली सम्पर्क समितिका कार्यबहाक अध्यक्ष अन्जु केसी, एनआरएन कोरियाका निवर्तमान उपाध्यक्ष रबिन तामाङ, बौद्ध परिवार कोरियाका अध्यक्ष ईश्वर गुरुङ, वमन फर वमनका उपाध्यक्ष गौरी बोगटी लगायतले कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेका थिए। सुरज गुरुङ्को अध्यक्षतामा भएको औपचारिक कार्यक्रमको सञ्चालन महासचिव प्रितम गुरुङ्ले गरेका थिए भने स्वागत मन्तव्य उपाध्यक्ष भिम गुरुङ्ले दिएका थिए । औपचारिक कार्यक्रम पछिको सांगीतिक कायृक्रमको सञ्चालन भने गुप्त गुरुङ, लेशन गुरुङ, आरती गुरुङ, बिशाल गुरुङ र धन गुरुङ्ले सञ्चालन गरेका थिए ।

## एक गजल



**गोमा गिरी 'सामना'**
**गट्ठाघर, भक्तपुर**

किन दुख्छ मुटु भन्थें
टुकिएर फुट्न रैछ
किन पोल्यो छाती भन्थें
तिमीसँग छुट्नु रैछ

चङ्गा सरी उड्छ यो मन आज किन
मुटुभरि माया देखाइ
पराई बनि गयौ किन
कहाँ देखौं कहाँ भेटौं सपनी र विपनीमा

पोख्न चाहें मनका व्यथा
सुन्ने बुझ्ने कोही भएन
खुशी छैन मेरो मन
पापी रैछ निष्ठुरी भन्दै नभन

तिमी गयौ निष्ठुरी
पछि लाग्न मैले सकिनँ
वाध्यताले बाँधिएँ म
गहभरि आँसु थाम्नै सकिन

संसार अट्ने मुटुमा
माया र विश्वास अट्न सकेन
दुनियाँलाई भुल्न सक्ने हृदयले
तिमीलाई भुल्नै सकेन


# हार्दिक श्रद्धाञ्जली

जन्मः
विसं.१९९३ म्हंपुजा



मदुगु
विसं.२०७२/०५/०३

**स्व. सिलाल दर्शनधारी**

यस विद्यालयका संगीत शिक्षक श्री न्हुच्छे दर्शनधार ीका पुज्यनीय पिता **सिलाल दर्शनधारी** २०७२ भाद्र ३ गते दिवंगत हुनु भएको यही असोज १६ गते ४५ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

## राराहिल मेमोरियल स्कुल
छुगाउँ, कीर्तिपुर–११



# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं.१९८३
कार्तिक



निधनः
२०७२ आश्विन १ गते

**स्व. भुयू महर्जन**

कीर्तिपुर नगरपालिकाका बरिष्ठ ईन्जिनियर बालकुष्ण महर्जनको पुज्यनीय पिता **भुयू महर्जन** यहि २०७२ आश्विन १ गते दिवंगत हुनु भएको आज १३ औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**जीवन महर्जन (जीवन निर्माण सेवा) पाँगा, कीर्तिपुर**
**बैकुण्ठ महर्जन (बैकुण्ठ निर्माण सेवा) पाँगा, कीर्तिपुर**
**शम्भु महर्जन (शम्भु निर्माण सेवा) पाँगा, कीर्तिपुर**
**गंगा महर्जन (गंगा निर्माण सेवा) पाँगा, कीर्तिपुर**
**आकार महर्जन (आकार इन्जिनियरिङ्ग प्रा.लि. पाँगा,**

# आन्तरिक मामिलामा भारतको ठाडो हस्तक्षेप



**रामकृष्ण महर्जन**

बंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नेपालीले मात्र नेपालको उच्च पद देखि देशको कार्यकारी हुन पाउने ब्यबस्थालाई चुनौती दिँदै अंगीकृत नागरिकलाई समेत बराबरै अधिकार दिनु पर्ने भारतको चाहना। नेपालमा भारतीयहरू भारतकै भाषामा पनि एक करोड भएको प्रस्त पारेका छन् । जन्मको आधार, ब्यबहारको आधार, नेपालमा बसेको समयको आधारमा भारतीयहरूले नेपाली अंगीकृत नागरिकता प्राप्त गर्ने गरेका छन् । यसरी प्राप्त गरेका अंगीकृत नेपालीलाई देशको राष्ट्रपती वा प्रधानमन्त्री नेपालले कसरी स्वीकार्ने ? नेपालप्रति यो भारतको दवाब भन्ने कि प्रभाब भन्ने ? त्यसैले तराई मधेशका नेपालीले यो राजनितीलाई बुझेर घर भित्रको समस्याको समाधान आफ्नै परिवार मिलेर गर्नुपर्छ। छिमेकीलाई गुहारेर घर बन्दैन छिमेकीले बरू खेलाएर उ रमिते भै रमिदिन्छ।

१. बिगत ७० बर्षदेखि आफ्नो देशको संविधान आफ्नै हातले लेख्ने नेपाली जनताको चाहना पूरा हुनु निश्चियनै नेपाल र नेपालिको लागि गौरवको कुरा हो। युगौंदेखि थिचोमिचोमा परेका नेपाली जनताहरुले यस्तो बेलामा बढीभन्दा बढी आफ्नो हक अधिकारहरु संविधानमा समाबेश हुन भनी माग राख्नु पनि स्वभाबिकनै मान्नु पर्छ। तर अधिकार माग्ने नाममा तराई-मधेसमा आन्दोलनकारी शक्ति तथा सरकार दुबैले संयमता गुमाउँदै हिंसालाई प्राथमिकता दिनु भने निन्दनीय कार्य हो । अझै सिद्धान्त र बिबेकवाट चल्नु पर्ने राज्य पक्ष आबेशात्मक र आक्रामक रुपमा प्रस्तुत हुनु भनेको लोकतान्त्रिक मुल्य र मान्यता बिपरित छ । त्यसैले राज्यले आन्दोलनरत पक्षले राखेका मागहरू मध्य संम्बोधन गर्न सकिने र जायज मागलाई तुरुन्त संबोधन गर्नु पर्दछ। आन्दोलनकारी शक्तिहरुले पनि उनिहरु साँच्चै देश भक्त र राष्ट्रवादी हुन भने देशको सार्वभौमिकता र राष्ट्रिय अखण्डतामा असर नपर्ने र संम्भब खालका मागहरुमात्र राख्नु पर्दछ। अनि उनिहरुले आफ्नो बाबू संग झगडा पर्‍यो भन्दैमा छिमेकीको घरमा गएर आफ्नै घरमा ढुंगा हान्ने काम बन्द गर्नु पर्दछ।

२. अनि आफुलाई एकदमै राष्ट्रवादी ठान्ने विद्वान मित्रहरुले पनि काला छाला भएका सबै बिहारी र आफू मात्र कट्टर राष्ट्रवादी भन्ने भ्रममा नपर्न आग्रह गर्दछु । त्यस्ता राष्ट्रवादीहरुले के बुझ्न पर्‍यो भने हाम्रो देशको सिमाना त्यही कालो छाला भएका राष्ट्रवादिहरुले जोगाई रहेका छन । अनि अर्को कुरा आफू आत्मनिर्भर भए मात्र राष्ट्रवाद बलियो हुन्छ साइकल चढ्छु भनेर भाषण गरेर होइन।

३. संविधान जारी गर्नु, यसको पक्ष वा विपक्षमा नारा जुलुस हुनु यो हाम्रो आन्तरिक मामला हो। सबै नेपाली जनताको भावनालाई समेट्ने काम हाम्रै देशको हो । एउटा छिमेकीको नाताले हाम्रो देशमा राम्रो होस भन्ने चाहना र सुभेक्षा सम्म राख्छौ भने ठिकै छ यदि अझै पनि आफुलाई दक्षिण एसियाको ठुल्दाई ठानेर आफुले भने जस्तो नगरे नाकाबन्दी गर्ने धम्की दिन्छौं भने

BackOffIndia?

# नयाँबजारमा रक्तदान कार्यक्रम




नयाँबजार महिला समूह र कीर्तिपुर भुईचालो राहत कोषको संयुक्त आयोजनामा गत असोज १० गते बाहिरीगांवमा बृहत रक्तदान कार्यक्रम सम्पन्न भयो। ६० जनाले रगत दिन फाराम भरेका थिए ।

तर स्वास्थ्य परीक्षण पछि विभिन्न कारणहरुले गर्दा ४० जनाले मात्र रक्तदान गर्न सफल भयो। जसमा पुरुष २६ जना र महिला १४ जना रहेका छन्। उक्त रक्तदान कार्यक्रममा पहिलो पल्ट रक्तदान गर्नेदेखि लिएर ३५ पटक सम्म रक्तदान गर्नु हुने समेत सहभागी थिए। भुईंचालो राहत कोषका ज्ञानुराजा महर्जनले ३५ औं पटक रक्तदान गर्नु भएको थियो। रक्तदान गर्नुहुने र रक्तदानमा सहयोग गर्नुहुने सम्पूर्णलाई ज्ञानु राजा महर्जनले धन्यवाद दिनुभएको छ।


## आवश्यकता

यस कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.का लागि निम्नानुसारको कर्मचारी आवश्यक भएकोले इच्छुक योग्य र इमान्दार उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ।

**किसिम :** पार्टटाइम (महिनाको ८ ( १२ दिन)
**संख्या :** १ (एक)
**तह :** जुनियर अफिसर
**सेवा :** कानूनी तथा लेखापढी
**न्यूनतम शैक्षिक योग्यता :** बि.एल. वा एल.एल.बि.
**तलब :** आपसी सहमतिमा
**दरखास्त दिने अन्तिम मिति :** २०७२ असोज २९ गते शुक्रवार

**कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.**
**की.न.पा.–१७, नयाँबजार**
**४३३०६०९, ४३३५५५**



# हार्दिक श्रद्धाञ्जली




जन्म: वि.सं.१९८३ कार्तिक



**स्व. भुयू महर्जन**

निधन: २०७२ आश्विन १ गते




कीर्तिपुर नगरपालिकाका बरिष्ठ ईन्जिनियर बालकुष्ण महर्जनको पुज्यनीय पिता गःछें निवासी श्री **भुयू महर्जन** यहि २०७२ आश्विन १ गते दिवंगत हुनु भएको आज **तेह्रौं दिन**को पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**कीर्तिपुर निर्माण व्यवसायी संघ परिवार**

नयाँबजार, कीर्तिपुर–१७

# आठौं बौद्ध सङ्गीत जागरण कार्यक्रम फेरि हुने






**गत २०७२ साल बैशाख ११ र १२ गते कीर्तिपुरको नगरमण्डप श्रीकीर्तिविहारमा आयोजना गरिएको आठौं बौद्ध  सङ्गीत कार्यक्रमको झलक**

कीर्तिपुर सन्देश /

गत २०७२ साल बैशाख ११ र १२ गते कीर्तिपुरको नगरमण्डप श्रीकीर्तिविहारमा आयोजना गरिएको आठौं बौद्ध  सङ्गीत कार्यक्रम काठमाडौं उपत्यकाका ४२ वटा भजन मण्डलले भाग लिएका थिए ।

जसमध्ये बैशाख ११ गते २२ वटा भजन मण्डलले कार्यक्रम प्रस्तुत गरिएका थिए। कार्यक्रमको अन्ततिर आउँदा हुरी बतासले मञ्च, त्रिपाल बिगारेका थिए।

भोलिपल्ट बैशाख १२ गते बाँकी २० ज्ञानमाला भजन खलःको सङ्गीत प्रस्तुति रहेको थियो । बिहान ८ बजेदेखि सुरु हुने भनिएतापनि बिहान १० बजेमात्र कार्यक्रम सुरु भएको थियो।

बिहारको मुनि हलमा कार्यक्रम सुचारु भएर ३ वटा टोलीले प्रस्तुत गरिसकेपछ चौथो टोलीको कार्यक्रम भइरहेको बेला अचानक बिहान ११.५६ बजे भुईंचालो आयो।

हलभित्रका मानिसहरु आँतिएर कहाँ जाउँ, के गरुँ भएर भागदौड मच्चियो। कतिपय बिहारको पिल्लर समातेर बुद्धम् शरणं गच्छामी भनेर बसिरहे। त्यस भुईंचालोले बिहारमा खासै नोक्सान पुऱ्याएन। जतिजना सबै सुरक्षित थिए। त्यसपछि अर्को सूचना नभएसम्मको लागि कार्यक्रम स्थगित गरिएको थियो ।

गत आश्विन १ गते आयोजक र व्यवस्थापन समितिको संयुक्त बैठकले स्थगित रहेको उक्त कार्यक्रम यही आश्विन २३ गते शनिवार कृष्ण क्याटरिङ्गको हलमा गर्ने निर्णय गरिएको छ। बिहान १० बजेदेखि संचालन हुने उक्त कार्यक्रममा बाँकी १७ वटा भजन मण्डलले आफ्नो प्रस्तुति पेश गर्नेछन्।

आठौं बौद्ध सङ्गीत जागरणमा भागलिने ४२ वटा टोली मध्ये पहिला, दोस्रा र तेस्रा हुनेहरुको चयन गरी घोषणा पनि हुने आयोजक तथा व्यवस्थापन समितिका पूर्णमान महर्जनले जानकार ी दिनु भएको छ।

# 'बागमती'को ट्रिजर सार्वजनिक, महानायक राजेश हमाल कमव्यक हुने पक्का



अहिले सम्मकै सर्वाधिक महंगो नेपाली फिल्म 'बागमती'को ट्रिजर सार्वजनिक गरिएको छ। ४३ सेकेन्डको सार्वजनिक ट्रिजरमा महानायक राजेश हमाललाई प्रस्तुत गरिएको छ। दक्षिण भारतीय निर्माण टीमले फिल्मको प्रमोसनको लागि सार्वजनिक ट्रिजरमा हेर्दा महानायक राजेश हमालको फेरी नेपाली चलचित्रमा पुन कमव्यक हुने देखिन्छ। Rajesh hamal bagmati2 धेरै नेपाली चलचित्र दक्षिण भारतीय जस्तो बनाउने कोसिस गरे पनि यसपाली दक्षिण भारतीय निर्माण टीमले नै सजिकै तेस्तो फिल्म निर्माण गरेको छ। चलचित्रको सार्वजनिक ट्रिजर हेर्दा चलचित्रको छायांकन, डायलग, एक्शन, प्रस्तुति बिल्कुलै फरक देखिएको छ । फिल्मलाई दक्षिण भारतीय निर्देशक सन्नी केरलाले निर्देशन गरेका हुन । सम्पुर्ण प्राविधिक काम भारतमै गरिएको यस चलचित्र माघ महिनामा सार्वजनिक गरिने छ। दशैं लगतै चलचित्र अमेरिका र युरोपको विभिन्न देशमा प्रदर्शन गरिदै छ। फिल्ममा राजेश हमाल, शिब श्रेष्ठ, केकी अधिकारी, रविकर प्रसाद घिमिरे, मुकुन्द श्रेष्ठ, ध्रुव कोइराला, कञ्चन ठकुरी लगायतको अभिनय रहेको छ।चलचित्र 'बागमती'लाई ट्री इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण गरिएको हो । चलचित्रका निर्माता दिनेश दर्शनधारी र विजय सत्याल हुन्।

# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं.१९८३ कार्तिक

निधनः २०७२ आश्विन १ गते



**स्व. भुयू महर्जन**

हाम्रा आत्मिय मित्र ई..बालकृष्ण महर्जनको पुज्यनीय पिता गःछैं निवासी श्री **भुयू महर्जन** यहि २०७२ आश्विन १ गते दिवंगत हुनु भएको आज **तेह्रौ दिन**को पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**श्रीमान/श्रीमती –बाबु कृष्ण महर्जन /गंगा महर्जन**

**श्रीमान /श्रीमती– लक्ष्मीबहादुर डंगोल /रीना डंगोल**

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं.१९८३
कार्तिक



निधनः
२०७२ आश्विन १
गते





## स्व. भुयू महर्जन



हाम्रा आत्मिय मित्र तथा दाजु कीर्तिपुर नगरपालिकाका योजना तथा प्राविधिक शाखा प्रमुख बरिष्ठ ई.श्री बालकुष्ण महर्जनको पुज्यनीय पिता गःछेँ निवासी **भुयू महर्जन** यहि २०७२ आश्विन १ गते दिवंगत हुनु भएको आज तेह्रौं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

## कबिन्द्र महर्जन

## तथा

# कबिन्द्र निर्माण सेवा परिवार

नयाँबजार, कीर्तिपुर –१७

# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं.१९८३ कार्तिक

निधनः २०७२ आश्विन १ गते



**स्व. भुयू महर्जन**

कीर्तिपुर नगरपालिकाका योजना तथा प्राविधिक शाखा प्रमुख ई.बालकृष्ण महर्जनको पुज्यनीय पिता गःछैं निवासी श्री **भुयू महर्जन** यहि २०७२ आश्विन १ गते दिवंगत हुनु भएको आज **तेह्रौं** दिनको पुण्यतिथिमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

## कीर्तिपुर नगरपालिका कार्यालय

**कीर्तिपुर**

# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं.१९८३ कार्तिक

निधनः २०७२ आश्विन १ गते



**स्व. भुयू महर्जन**

कीर्तिपुर नगरपालिकाका योजना तथा प्राविधिक शाखा प्रमुख बरिष्ठ ई.बालकृष्ण महर्जनको पुज्यनीय पिता गःछैं निवासी श्री **भुयू महर्जन** यहि २०७२ आश्विन १ गते दिवंगत हुनु भएको आज **तेह्रौं** दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**पचली भैरव एन मनकामना निर्माण सेवा**

श्रीमान/श्रीमती समन महर्जन, कीर्तिपुर–३

राजकुमार महर्जन

सुजन गोपाल प्रधान

# मुत्र प्रणालीको संक्रमण

**डा.तुल्सीनारायण श्रेष्ठ**

प्रकृतिलाई एउटा मात्र कोष भएको सृजित जीवबाट अल्याख कोष भएको जीव मानिससम्म सृजना गर्दा कति समय कति युग लाग्यो होला हिसाब किताब गर्ने काम त वैज्ञानिकहरुको हो। म त एउटा सामान्य स्वास्थ्य कर्मिको नाताले, विद्यार्थीको नाताले सृजना गरेको यी सृजनाहरुको अध्ययन गर्ने मात्र हो।

प्रकृतिले मानिसको शरीर यति स्वचालित र स्वाबलम्बन बनाई दिएको छ कि जुन आजका नयाँ युगका साधनहरुले पनि पूर्ण अध्ययन गर्न सकेको छैन। अत्याधुनिक भन्ने कम्प्युटर भन्दा पनि स्वचालित छ। यो मानव शरीर पूर्ण अध्ययन गर्न बैज्ञानिक हरुलाई अझै कैयौं शताब्दी लाग्न सक्छ।

मानव शरीरमा प्रतिस्थापित ती अनेकौं प्रणालीहरु मध्ये मुत्र प्रणाली भन्नाले यसमा मानिसको शरीर को दुईवटा मृगौला (Kidney) मृगौलाबाट निस्केर मुत्र थैलीमा (Urinary bladder) जोडिएको दायाँ बायाँ एउटा एउटा गरी दुईवटा मुत्रनली (Urater) मुत्र नली जोडिएको मुत्र थैली, मुत्रथैलीबाट निकलेर वाताबरणमा खुलिएको पिसाव नली (Urithraw) यो मुत्रप्रणालीको कुनै पनि अङ्गहरुमा संक्रमण (Infecties) भयो वा चोट पटक लागेर वा त्यस्तै औषधि सेवनले वा अन्य कुनै कारणले अङ्गहरु सुनियो (Iflamation) भने सामान्यतया अनुसन्धानबाट अन्य रोग प्रमाणित नभएसम्म यस्तो अवस्थालाई मुत्र प्रणालीको संक्रमण भन्ने गरिन्छ। वास्तवमा इम्फलामेशन भनेको संक्रमण होइन तापनि संक्रमणको जस्तै व्यथा हुन्छ। संक्रमण हुनलाई यी अङ्गहरुमा कतै रोगक किटाणुहरु विद्यमान भएको हुनुपर्छ जुन अनुसन्धान बाट मात्र प्रमाणित गर्न सकिन्छ।

नेपाली समाजमा खासगरी गरिब, निर्धन समाजमा मलमुत्र प्रणालीको सर सफाईमा त्यति ध्यान दिने गर्दैन वा ध्यान दिनु पर्छ भनि थाहा पाउँदा पाउँदै पनि गरीबीको कारणले ध्यान दिन सक्दैन, त्यहाँ यो मुत्र प्रणालीको संक्रमण व्यापक हुन्छ। उदाहरणको लागि उनीहरुले एउटा कटुटुसम्म पनि लगाउन नसकी पिसाव नली खुल्ला छोड्न बाध्य हुन्छ भने सफा सुग्घर कटुटु लगाएर समय समयमा फेर्नु पर्छ भन्ने कुरा थाहै हुँदैन। एउटी महिला पर सर्दा याने महिनावारी हुँदा मुत्र प्रणाली तथा प्रजनन प्रणाली स्वस्थ्य राख्नको लागि एउटा निर्मलिकरण (Sterilization) सानिटरी प्यायद वा त्यस्तै सफा कपडा प्रयोग गर्नुपर्छ भनि थाहा पाउँदा पाउँदै पनि संभव हुँदैन। महिनावारीको ४ दिन वा रगत नथामेसम्म दिनको एउटा पायद फेर्नु पर्ने हुन्छ। तर गरीबीको कारणले पायदको ठाउँमा एउटा राम्रो सफा कपडाको टुक्रा पनि पाउँदैन। अनि जे छ त्यसैमा काम चलाउँछन्। फलस्वरुप मुत्र प्रणालीमा मात्र होइन प्रजनन् प्रणाली पनि संक्रमण भैदिन्छ।

वास्तवमा मुत्र प्रणालीको संक्रमण बाहिरी पिसाबनलि याने युरेथा (Urethraw) बाट हुने हो। थोरै अन्य कारण पनि हुन सक्छ। युरेथ्रा संक्रमण प्रवेश गरी पहिले स्वयं मुत्रनलि नै संक्रमण हुन्छ, अनि मुत्रथैलिमा पुग्छ। मुत्र थैलिमा मुत्र अर्थात् पिसाव जम्मा भैरहने हुनाले त्यहाँ जीवाणु बृद्धिको लागि राम्रो वातावरण भैदिन्छ र बृद्धि हुन्छ। मुत्रथैली एउटा मांशपेशीले बनेको थैलि हो। यसमा अन्दाजी तीनसय मिलिलिटर पिसाब अटाउन सक्छ। पिशाव गर्न मन लागेपनि बल गरेर रोकी बस्ने हो भने पाँचसय मि.लि. सम्म पनि अटाउन सक्छ। मांशपेशी फुलेर थैलीले ठूलो आकार लिन्छ। यसरी मुत्र थैली भरेर पनि पिसाव नगरीकन बसिरह्यो भने वा त्यसै पनि संक्रमण मुत्रथैलिमा पुगिसकेको छ भने संक्रमण पिसावनलि (Uretes) को बाटो भएर मृगौलामा पुग्छ। मृगौला संक्रमण हुन्छ। यसरी तलबाट माथि चढ्दै जाने संक्रमणलाई आयसेन्डीङ्ग इन्फेक्सन भनिन्छ।

मुत्र प्रणालीको संक्रमण पुरुषलाई भन्दा महिलाहरुलाई बढी हुन्छ। महिलाहरुको युरेथ्रा वा पिसाबनलि छोटो हुन्छ जसबाट संक्रमण सजिलै प्रवेश हुन्छ। फेरि महिलाहरुको युरेथ्रा योनि, पुरुषहरुको भन्दा मलद्वार संग नजिक हुन्छ। जसको कारण मलद्वारबाट पिसाबनलि योनिमा सजिलै संक्रमण हुन जान्छ। दिसा पिसाब सफा गर्दा पनि सजिलै फोहर पिसाबनलि र योनिमा पुग्छ। त्यस्तै महिना वारी हुँदा पनि सजिलै रगत पुग्छ। महिनावारी थामेपछि केहीसमय योनि सुख्खा रहन्छ र संक्रमण हुने हुन्छ जुन संक्रमण पिसाव नलिमा पुग्न समय लाग्दैन। अन्य केही कारणहरुको पनि चर्चा गरौं। (क) मधुमेह– यी बिरामीहरुको पिसाबमा चिनी हुने वा गुलियो हुने भएकोले जिवाणुहरुले छिटो आक्रमण गर्छ। (ख) बुढाबुढीहरुको प्रतिरक्षा प्रणाली कमजोर भैसकेको हुन्छ भने उनीहरुलाई लाग्ने अल्जिमेयर र कहिलेकाहीं चेतनहीन हुने हुनाले संक्रमण सजिलै हुन्छ। (ग) पिसाव खुलेन भने, पिसाब गर्न गाह्रो भयो भने यसैले मुत्रथैलिमा पिसाब लामो समयसम्म जमि राख्यो भने जीव बृद्धिहुन्छ र संक्रमणलाई टेवा पुग्छ। (घ) कब्जियत वा दिशा गर्न गाह्रो भयो भने पनि दिशा नगरिकन बस्दा पनि मुत्रथैलिमा पिसाब जम्मा भैरहन्छ र सक्रमणलाई बल पुग्छ। (ङ) पुरुषहरुमा प्रोष्टेट बढेर मुत्रनलि साँघुरेर वा बान्गिएर पनि पिसाब नखुल्ने हुन्छ, जम्मा भैर हन्छ, यसले पनि संक्रमण निम्त्याउँछ। (च) मृगौलामा पिसाव जम्मा भैरह्यो भने पनि संक्रमण सहज हुन्छ। (छ) लामो समयसम्म विस्तरामा पडिरह्यो भने (ज) गर्भवति भएमा पनि ( (झ) मुत्र प्रणाली वा प्रजननमा कतै अपरेशन भयो भने (ञ) समलिङ्गी, बहुलिङ्गी यौन सम्पर्कमा, मलद्वार मैथुन गर्नेहरुलाई त झन चाँडो संक्रमण हुन्छ। (ट) यौन सम्पर्क राख्दा ( ठ) लामो समयसम्म पिसावनलिमा पाइप राखि राख्दा। मुत्र प्रणालीको संक्रमण अनेक थरि का किटाणुहरुबाट हुन्छ। तापनि ८०-९०% अस्सिदेखि नब्बे प्रतिशतचाहिं ई कोलाई (E.conli) बाट हुन्छ। यो किटाणु मानिसको पेटमा रहिरहन्छ र दिशामा आइर हन्छ। जसबाट मुत्र प्रणालीमा सहज पुग्छ र संक्रमण हुन्छ। मुत्र प्रणालीको संक्रमण अलि कडा नभैकन छिटै थाहा हुँदैन। अलि अलि थाहा भए पनि त्यति वास्ता गर्ने गर्दैन। अझ त्यसमा पनि महिलाहरुमा त थाहै हुँदैन, अरु विरामी व्यथा जाँच गर्ने बेलामा मात्र पत्ता लाग्छ। संक्रमण व्यापक कडा हुँदै गयो भने चिन्ह र लक्षणहरु देखा पर्न थाल्छन्। जस्तै : पिसाव छिनछिनमा भैर हन्छ, पिसाव लागेपछि थाम्नै सकिन्न। (ख) पिसाब पोल्छ, पिसाव नलि पोल्छ, लिङ्ग वा पिसाव नलि युरेथ्रा झन पोल्छ। (ग) पिसाव थैलिको माथितिर, पेटमा दुख्छ। (घ) पिसावमा र गत देखा पर्न सक्छ, पिसाव धमिलो र बाक्लो हुन्छ। गन्हाउँछ। पिसाव सफासंग आउँदैन। (ङ) वाक वाक लाग्छ, वान्ता हुन्छ। (च) संक्रमण माथि पुगेर मृगौला छोयो भने ज्वर आउँछ, कमर दुख्छ कामेर ज्वर आउँछ। औषधि उपचार नगरे ज्वर र काम्ने झन झन बढेर आउँछ। (छ) पिसावको थोपा निकाल्दा पनि मरेतुल्य पोल्छ, पिसाव आउला भनि डराउनु पर्ने हुन्छ। औषधि उपचारको लागि पहिले व्यथा निदान हुनुपर्‍यो। मुत्र प्रणालीमा संक्रमण कहाँ भएको छ थाहा पाउनु पर्‍यो। त्यसैले थरिथरिका जाँचहरु गर्नुपर्ने हुन्छ। हुनत एउटा अनुभवी डाक्टरलाई विरामीले दिएको ब्यथाको बयान, चिन्ह, लक्षण अनि विरामीलाई राम्ररी जाँचेपछि करिब ८०% रोग निदान भैसकेको हुन्छ। तापनि पक्का निदानको लागि अन्य जाँचबुझ आवश्यकता पर्छ। सामान्य पिसाब जाँच्ने, कल्चर र सेन्सिभिटी जाँच गर्ने, भिडियो एक्सरे (USG) गर्ने, मुत्र थैलि जाँच गर्ने सिस्टोस्कोपि (Cystoscopy) मृगौलाको संक्रमण शंका छ भने रगत जाँच गर्ने आदि जाँच गर्नुपर्छ। निदान भए पछिमात्र औषधि गर्नु पर्छ। त्यसै अन्दाजि औषधि गर्नु हुँदैन।

मुत्रप्रणाली संक्रमणको औषधि हप्तादेखि दुई हप्तासम्म पनि गर्नु पर्ने हुन्छ। अझ मृगौला संक्रमण भैसक्यो भने लामो उपचार गर्नुपर्ने हुन्छ। पानी धेरै खानुपर्छ। याने जति पानी वा झोलपदार्थ शरीरबाट बाहिर जान्छ त्यो भन्दा अलि बढी पानी पिउनु पर्छ। जाँड रक्सी खानु हुँदैन। माछा मासु अण्डा पनि धेरै खानु हुँदैन। औषधि पूरा कोर्ष खानुपर्छ। सन्चो भयो भनेर छोड्ने होइन। त्यसो भयो भने र ोग फर्केर आउँछ। पहिलेको औषधिले नछोई अझ कडा औषधि खानु पर्ने हुन्छ। मानिसलाई रोग लाग्ने आफ्नै लापरवाहीले हो। यो मुत्र प्रणाली संक्रमण पनि त्यस्तै हो। बचावटको राम्रो बानी बसाले संक्रमण हुँदैन जस्तै (क) सधै आफुलाई चाहिने जति पानी वा झोल पिउने गर्नुस्, बढी पिउनुस तर कम होइन। (ख) पिसाव लाग्यो भने कुनै पनि बहानामा चापेर नबस्ने, तुरुन्त पिसाब गर्ने, पिसाव थैलिमा पिसाब जम्न नदिने (ग) काछ (genitae space) सँधै सफा गरी राख्ने। (घ) दिशा पिसाब गरेपछि राम्ररी हात धुने। काछ पनि धुने। (ङ) यौन सम्पर्क पछि राम्ररी काछ सफा गर्ने (च) दिशा पिसाब गर्दा काछ सफा गरेपछि अगाडि याने पेटतिर नतान्ने पछाडि कम्मरतिर तान्ने। ताकि फोहर युरेथ्रा वा योनिमा नपरोस (छ) कस्सेको पाइन्ट नलगाउने (ज) कटुटु, पेन्टि भए सुति कपडाको लगाउने, सम्भव भए दिनदिनै फेर्ने (झ) जाँड रक्सी अमिलो पिरो कम खाने। मुत्र प्रणालीको संक्रमणलाई प्रायःजसोले त्यति साह्रो मान्दैन। संक्रमण भए पनि वास्ता नगरि बसिरहन्छ। संक्रमण रोक्ने उपायहरु हुँदाहुँदै पनि अपनाउने गर्दैन। यसको धेरै कारणहरु हुनसक्छ। कसैलाई चेतनाको कमि, समयको अभाव, आर्थिक संकट, अल्छि लाग्ने, डाक्टर कुर्नुपर्ने आदि इत्यादि। भनिन्छ रोग लागेपछि औषधि गर्नुभन्दा रोग नलाग्नु बेश। त्यसैले बचावटको उपायहरु अपनाउनुस। रोग लागिहाल्यो भने छिटो औषधि गर्नुस्। सकेसम्म मृगौला छुन दिनु हुँदैन। आजकल ठाउँ ठाउँमा टोल टोलमा जस्तै स्वास्थ्य केन्द्रहरु खुलिरहेको छ, त्यस्ता सामुदायिक स्वास्थ्य केन्द्रहरुमा कम फिसमा नै डाक्टर जाँच गरिन्छ। रोगि भएर नबस्नुस, सँधै स्वस्थ रहनुस्।


**आइतवाः पतिकं**

**ल्वःकंह्वाःगु नेपालभाषाया ज्वज्वलपा वाःपौ ब्वनादिसँ ब्वंकादिसँ**

*झीगु भाय्, संस्कृति हे झीगु म्हसीका*



ज्याकू:

**निखासी त्वाः किपू नपा-३ फोन ल्याः ४३३३००७, ९८४१७६८१४३**

**ई-मेल :** jwojalapa@live.com








# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं.१९८३
कार्तिक



निधनः
२०७२ आश्विन १
गते





## स्व. भुयू महर्जन



कीर्तिपुर नगरपाकिलाकाका योजना तथा प्राविधिक शाखा प्रमुख बरिष्ठ इ. श्री बालकृष्ण महर्जनज्यू र श्री गणेश महर्जनज्यूका पूज्य पिता **श्री भुयू महर्जनज्यू**को २०७२ असोज ०१ गतेका दिन आकस्मिक र असामयिक देहावसान भएको थाहा पाउँदा हामी मर्माहत भएका छौँ । उहाँको देहावसानको यो १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारले यस दुःखद घडीमा धैर्य धारण गर्ने शक्ति प्राप्त गरून् भनी ईश्वरसँग प्रार्थना गर्दछौँ ।

## ससः रेष्टुरेन्ट

समल, कीर्तिपुर

*"Excellence through service"*

# चाँडै आउँदैछौं

# COMING SOON


BSCIC
BSCIC Certifications Pvt. Ltd.
Certificate Of Registration
This is to certify that
AL ETIHAD GOLD
P.O. BOX 283648, DUBAI
UNITED ARAB EMIRATES
ISO 14001:2004
Laboratory Testing and Melting & Refining of Gold
BSCIC
ISO 14001 REGISTERED

ISO Certificate

# GOLD & SILVER HOUSE at KIRTIPUR

**अब कीर्तिपुरमा कहिल्यै सुन चाँदीको कमी हुने छैन ।**

**"यो हाम्रो प्रतिबद्धता हो ।"**







Business Partner
MOBILAND INVESTMENT COMPANY PVT LTD.
Financial Partner:
DARSHAN SAVING AND CREDIT CO- OPERATIVE LTD.
NIRMAL BUDDHA BHUMI SAVING AND CREDIT CO-OPERATIVE LTD.

## उत्तर दिनुहोस्,उपहार जित्नुहोस् ।

१. यो कीर्तिपुरको कुन ठाँउमा खुल्ने छ ?
२. यसको नाम के हुने छ ?
३. Buy Back Guarantee भनेको के हो ?
४. ISO certified भनेको के हो ?
५.Purity 999% भनेको के हो ?

## सर्त तथा नियमहरु :

१. सम्पुर्ण प्रश्नको सहि उत्तर दिनेलाई **एक तोलाको दश वटा चाँदीको** सिक्का पुरस्कार दिइने छ ।
२. एक भन्दा बढी ग्राहकले सहि उत्तर दिएमा दामासाहिले बाँडिने छ ।
३. चार भन्दा बढी ग्राहकले सहि उत्तर दिएमा गोला प्रथाद्वारा दश जना मात्र छानिने छ ।
४. पाँच वटाको सहि उत्तर नआएमा जसले बढि प्रश्नको सहि उत्तर दिनेछ पुरस्कार उसैलाई दिइनेछ ।
५. पुरस्कार विजेता लाई सोरुम उद्घाटनको दिन पुरस्कार दिइने छ ।
६. मोबिल्याण्ड ग्रुप अन्तर्गतका कम्पनी संग सम्बन्धित कसैले पनि भाग लिन पाउने छैन ।
७. सहि उत्तरहरु निम्न ठेगानाहरुमा आफ्नो नाम,ठेगाना, मोबाइल नम्बर सहित पठाउन सक्नु हुनेछ ।

**ठेगानाहरु :**

दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
कीर्तिपुर बाहिरी गाँउ
फोन नं ०१-४३३२०५७, ०१-४३३४२३५

निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लि.
नयाँ बजार कीर्तिपुर
फोन नं ०१-४३३२८८१

कीर्तिपुर सन्देशको कार्यालय

**FINANCIAL PARTNER हुन इच्छुक अन्य सहकारी संस्था लाई पनि स्वागत छ।**